घोराही उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np


पत्र संख्या २०८२/२०८३

च.नं. ६१५

मिति : २०८२/०५/०१

सूचना। सूचना॥ सूचना ॥।

श्री सबै वडा कार्यालयहरु(१–१९)

घोराही उप–महानगरपालिका, दाङ।

विषय : लगत संकलन गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा भूमि समस्या समाधान आयोग,ताहाचल,काठमाण्डौंको प्रकाशित सूचना बमोजिम यस घोराही उपमहानगरपालिकामा बसोबास गर्ने भूमिहीन दलित,भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी साथै विगतका आयोग समिति, कार्यदलका बाँकी काम भएका र यस अघि फाराम भर्न छुट भएको भए जग्गा प्राप्ति प्रयोजनका लागि आयोगले तोकेको ढाँचामा सम्वन्धित वडा कार्यालयमा मिति २०८२/०४/३० गते देखि ३५ दिन भित्र लगत संकलन गर्नका लागि अन्तिम पटकका लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरु**

१. माग गरेको जग्गा कम्तीमा १० वर्ष अघिदेखि आवाद कमोत भई आएको हो भनी प्रमाणित गरेको सम्बन्धित कार्यपालिकाको निर्णय बमोजिमको सिफारिस।

२.परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य

३.आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपी र सम्बन्धित स्थानीय तहले सम्पत्ति कर प्रमाण निर्धारण गरेको मूल्याङ्कन सम्बन्धी स्थानीय तहको पत्र।

४. उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपी।

५. उपलब्ध अन्य प्रमाण ।

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत

घोराही उपमहानगरपालिका घोराही दाङ

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

जिल्ला समिति, दाङ्ग

०८२-५९०८९८
dang.bhumiayog@gmail.com

पत्र संख्या:२०८१/०८२
चलानी नं.: १६०

मिति:-२०८२/०५/०१

श्री स्थानिय तहहरु सबै ,

श्री वडा कार्यालयहरु सबै,

दाङ ।

विषयः आवश्यक सहयोग सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार भुमि समस्या समाधान आयोग ताहाचल, काठमाडौले मिति २०८२/०४/३० गते प्रकाशित गरेको ३५ (पैंतीस) दिने अन्तिम पटकको सूचना बमोजिम आवश्यक कागजातका साथ सम्बन्धित कार्यालयमा मिति २०८२/०६/०५ गते सम्म निवेदन पेश गर्नका लागि सम्बन्धित निवेदकहरुलाई जानकारी गरी आवश्यक सहयोग गरिदिनुहुन व्यहोरा अनुरोध छ ।साथै सम्बन्धित पालिकाका सबै वडाहरुमा सूचना प्रकाशन गर्नका लागि सूचना पत्र पाना थान १(एक) यसै पत्र साथ संलग्न गरी पठाईएको छ ।

अध्यक्ष
हुकुम बहादुर बस्नेत

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१२९३२/५३१२९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।